# एफिसीहरूलाई
# (EPHESIANS)

## (मिशन समाचार सहित)


लेखकः

जोन के. माकभे

(John K. McVay)

भावानुवादकः

भजुराम तखाछेँ श्रेष्ठ



हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

सन् २०२३ (बि.सं. २०८०)

<u>ईन्टरनेट वेबसाईट</u> :

- *https://www.nepalworks.com/bhajupurna*
- *https://www.sabbathschoolpersonalministries.org/international*
- *https://shekinahonme.weebly.com/sabbath-school-lessons.html*
- *https://www.fustero.es/index_ne.php*

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**
प्रथम संस्करण : २०८० (ई.सं. २०२३)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह
☎ ९८४३६५३८४२

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
☎ ९८४३२२८६०६
वितरकः कुबेर लामिछाने, ☎ ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## एफिसीहरूलाईः प्रतिकूल, पीडा र कष्टको समयमा येशूलाई कसरी पछ्याउनु

**एफिसीहरू**लाई पावलले लेखेको पत्रमा हामीलाई एफिसीहरूकै बारेमा बताउँदछ। एफिसी सहरमा सुरुका दिनहरूमा कतिपय मानिसहरूले हर्षोउल्लासाथ सुसमाचारलाई ग्रहण गरेका थिए। त्यसबेला विभिन्न प्रेरणादायी घट्नाहरू भएका थिए। तर त्यसको केही वर्षपछि एफिसीहरूले येशूप्रतिको आस्थामा चुनौती दिनेखालका संघर्षहरू गर्नुपरेको थियो।

रोमी साम्राज्यको चौथो ठूलो सहरको आर्थिक अवस्थालाई गडवड गर्न खोज्ने पावल अब उनी पन्छिएर झ्यालखानामा परिरहेका थिए। एफिसी अत्यन्तै समृद्धि र विकसित सहर थियो। त्यहाँ विभिन्न देवीदेवताहरूको पूजा गरिन्थ्यो। त्यहाँका संस्कृति, रहनसहन र संस्कार मूर्तिपूजामा आधारित थियो। त्यस्तो समाजमा येशूको  सक्रिय चेला हुनु सजिलो थिएन। झ्यालखानाबाट चिन्ता व्यक्त गर्दै लेखेको पत्रमा पावलले येशूप्रतिको सक्रिय आस्था नगुमाउन अनुरोध गरेका थिए। तिनीहरूको हृदय बिचलित नपार्न उत्साहित गरेका थिए। यस पत्रका पाठकहरू येशूभक्तहरू भएतापनि त्यस पत्रको शैलीमा ख्रीष्टप्रतिको तिनीहरू आस्थामा बढ्दै जानुपर्ने आभास् दिएको छ। इसाई आस्थामा सुसज्जित भएर ख्रीष्टप्रतिको समर्पित विश्वासमा तिनीहरूले जोशको आगो फेरि सल्काएको उनले चाहेका थिए।  परमेश्वरले यस संसारलाई दिनुभएको महान् धन्धा, चर्चमा सामेल हुने उत्तेजनालाई पुनर्जिवन उनले आग्रह गरेका थिए।

इसाई विश्वास नै ख्रीष्टको बारेमा सबै थोक भएकोले पावलले उहाँप्रति हर्षले भावविभोर भएर उहाँको तारिफ गर्दै उहाँको  आराधना गर्छन्। यदि येशूप्रतिको आस्थामा कोही ढलपल गरिरहेको छ र विश्वासमा फेरि अडिग हुन चाहन्छ भने उसले सुरुमा येशूलाई गरेको पहिलो  प्रेमको सम्झना गर्नुपर्दछ। अनि उहाँको अनुग्रह र शक्तिमा ताजा भरोसा फेरि राख्न सिक्नुपर्दछ। देवीदेवताहरूतिर एफिससका विश्वासीहरू आकर्षित हुनुको सट्टा स्वर्गमा तिनीहरूभन्दा उच्च रहनुभएर सारा शक्तिहरूलाई आफूमा निहित गर्नुभएको येशूप्रति तिनीहरूको ध्यान पावलले तान्न खोज्छन्। सारा युगहरूको निम्ति परमेश्वरको लक्ष्य नै मानिसहरूलाई आफ्नो प्रियपुत्र येशू ख्रीष्टलाई सुम्पनु हो। उहाँका भक्तजनहरू एउटै चर्च भएर सबै थोक ख्रीष्टमा एकत्रित गर्न उल्लखेनीय भूमिका खेलोस् भन्ने परमेश्वरको योजना हो।

एफिसीका विश्वासीहरूलाई प्रभुतिर ताजा भक्तिमा लागोस् भनेर पावलले उत्साह दिंदा भावात्मक रूपमा मात्रै उहाँतिर लाग्ने होइन तर इसाई

अनुशासन र चेलापनमा रहन पनि पावलले माग गर्दछन्। सांसारिक र मूर्तिपूजा गर्ने धार्मिक समाजमा रहेका इसाई विश्वासीहरू समाजमै रहेर पनि त्यस समाजभन्दा छुटै चिनारी दिएर कसरी बस्ने भनेर पावलले किटानी गर्दछन्। येशूका भक्तजनहरू पवित्र आत्माले प्रेरित भएको हुनुपर्छ, ख्रीष्टको सम्मान गर्ने वा उहाँको इज्जत थाम्ने हुनुपर्छ, सृष्टिकर्ता परमेश्वरकोमात्र आराधना गर्नुपर्छ भनेर पावलले बारम्बार आह्वान गर्दछन्। मानिसको बोलिचाली र व्यवहारले उसको ख्रीष्टप्रति कतिको अर्पित छ भनेर मानिसहरूलाई देखाउँदछ। ख्रीष्टलाई प्रेम गर्नु भनेकै सहविश्वासीहरूलाई आदर गर्नु र तिनीहरूको मूल्यमान्यतालाई कदर गर्नु हो। त्यसको अर्थ, अनेकौं अस्वस्थ सामाजिक क्रियाकलाप, दमनकारी हुनु, आफ्नो भाउ खोज्न अरूहरूलाई हेप्ने र दवाउने प्रवृत्ति हुनु, कामबासना र बिलासितामा लिप्त हुनु जस्ता त्यस समाज र संस्कारमा व्याप्त मान्यतापाएतापनि त्यस खालको पतित संस्कारमा नलाग्ने सत्य इसाईहरूको माग हो भनेर आत्मसात् गर्नु पर्दछ। त्यसको अर्थ, चर्चभित्र र परिवारमा हाम्रो सम्वन्ध येशूको  स्वार्थ-त्याग नीतिबाट सिकेर चल्ने नीति हुनु हो। समुच्चरूपमा भन्नुपर्दा एफिससका नागरिकहरूलाई मानव अस्तित्वको स्पष्ट र नयाँ नमुना भएर आफूहरूलाई प्रस्तुत गर्ने सच्चा येशूभक्तको खुबी भएको देखाउन पावलले अनुरोध गरेका थिए। अर्थात् सत्य येशूभक्त र असल नागरिकको पहिचान जनमानसमा देओस् भनेर पावलले यस पुस्तकले देखाउन खोजेका छन्।

परमेश्वरको चर्चको सदस्य भएर असल मानव जीवन बिताउनु भनेको के हो र कसरी अनुसरणीय भएर देखाउनु पर्छ भन्ने ज्ञानप्रति अत्यन्तै उल्लेसित भएर व्यक्त गरेका भावनाहरूले धेरै जसो उनको पत्र भरिएको छ। एउटै चर्चमा दुवै यहूदी र अन्यजातिहरू वा यहूदीहरूले म्लेच्छ वा अछुत जाति भनेर पन्छाएकाहरूलाई परमेश्वरले गाभिनुभएकोमा पावल विशेष गरेर हर्षले भावविभोर भएको यस पत्रमा पाइन्छ। मानव जगतमा ती दुवै समूहहरू एक आपसमा धर्म र जातको नाउँमा अलगिएका थिए-तर येशूको रगतले तिनीहरूलाई एकै थलोमा राखिएको थियो  (खासमा भन्ने हो भने येशू कुनै नयाँ धर्म स्थापना गर्नु आउनुभएको थिएन तर गुमिएको सम्बन्धलाई स्थापना गर्न आउनुभएको थियो। परमेश्वर र मानिसको बीचमा टुटेको सम्ब्ध, एक आपसमा र आफ्नै शरीरसँग टुटेको सम्बन्ध जोड्न उहाँ आउनुभएको थियो-अनुवादकको मन्तव्य) । एक जातिको विरुद्धमा अर्को जाति अमिल्दो र शत्रुता भएको परिवेशमा दुवै जात वा समूहबाट एक भएका येशूका भक्तहरूले आउने

परमेश्वरको नयाँ राज्यमा कस्तो खालका नागरिकहरू हुने भनेर नमुना भएर देखाउने अवसर पाएको पावलको धारणा थियो।

परमेश्वरको चर्चको भाग हुनु कतिको महत्त्वपूर्ण छ र त्यस लक्ष्यमा पुग्न के बुझ्नुपर्छ भनेर सिकाउन पावलले चर्चलाई चार प्रतिकहरूद्वारा विश्वासीहरूलाई बुझाउन खोज्दछन्। पहिलो, येशूलाई विश्वास गर्नेहरूको समूहलाई *ख्रीष्टको शरीर* भनेर उनले सम्बोधन गर्दछन्। जब विश्वासीहरू एक आपसमा एकताको सूत्रमा बाँधिएर ख्रीष्टप्रति भक्तिभावमा लाग्दछन्, तब तिनीहरू ख्रीष्टका स्वस्थ शरीर हुन् भनेर प्रदर्शित गरिरहेका हुन्छन्। दोस्रोमा, कलभरीमा येशूले आफ्नो बलिद्वारा निर्माण गरिएको *जीवित मन्दिर* येशूका विश्वासीहरूको समूह हुन्। त्यस मन्दिर मिलेर परमेश्वरको आराधना गरिन्छ। तेस्रोमा, तिनीहरू ख्रीष्टका *दुलही* हुन्। जब येशूले आफ्नो भनेर दुलहीलाई (वा भक्तहरूलाई) दावी गर्नुहुनेछ तब त्यसबेला स्वर्गमा थुमा दुलाहाको विवाहको भव्य समारोह हुनेछ। चौथो वा अन्तिम प्रतिकमा, विश्वासीहरूलाई येशूप्रति विश्वास गरेर कर्मठ कार्यकर्ता हुन ख्रीष्टको फौजमा समाबेश हुन आग्रह गर्दछन्। तिनीहरू उहाँको नाउँमा शान्तिको निम्ति परमेश्वरको शक्तिमा अन्धकारका फौजहरूसँग युद्ध गर्न खटिनुपर्दछ। येशूको दोस्रो आगमनको प्रतिक्षामा रहँदा सबै विश्वासीहरू येशूका शरीर हौं भनेर दावी गर्दै अन्धकारको शक्तिसँग मुकाबिला गरिरहनुपर्दछ।

वर्तमान युगमा सांसारिक क्रियाकलापको आकर्षणले गर्दा येशूभावनामाभावित भएर उहाँको चेला हुन सजिलो छैन। येशूलाई विश्वास गर्नेहरू पनि आफ्नो आस्थामा मन्दी आइरहेको महसुस गरिरहेको परिवेशमा एफिसीहरूलाई उत्साह दिने उपयोगी पुस्तक हो। यस पुस्तकले ख्रीष्टलाई उचाल्दछ। येशूको दोस्रो आगमनको आशामा पर्खिरहँदा उहाँको चर्चमा सक्रिय सदस्य भएर चर्चको क्रियाकलापमा भाग लिनु कतिको महत्त्व छ भनेर यस पुस्तकले औंल्याउँछ। एफिसीको पुस्तक प्रार्थनापूर्वक अध्ययन गर्ने अवसर यस अध्ययन पुस्तकले दिएको छ। यस चुनौतीपूर्ण समयमा येशूलाई पछ्याउँदा उल्लासमय अनुभव हामीले कसरी पाउने भनेर यस अध्ययन पुस्तकमा हामी नियाल्नेछौं।

*अमेरिकाको वाशिङ्गटन राज्यको वाला वाला कलेज प्लेसमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट विश्वविद्यालयको अध्यक्ष र धर्मदर्शनको अध्यापक हुनुहुन्छ। उहाँ २००६देखि त्यही काममा कार्यरत हुनुहुन्छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | पावल र एफिसीका विश्वासीहरू | १ |
| २. | ख्रीष्ट-केन्द्रित परमेश्वरको महान गुरु योजना | १५ |
| ३. | उच्च पारिनुभएको येशूको शक्ति | २८ |
| ४. | परमेश्वरले हामीलाई कसरी उद्धार गर्नुहुन्छ | ४२ |
| ५. | तेर्सो क्षतिपूर्ति वा पापको निम्ति प्रायश्चितको विधिः | ५४ |
| ६. | सुसमाचारको रहस्य | ७० |
| ७. | ख्रीष्टको एकत्रित भएको शरीर | ८३ |
| ८. | ख्रीष्टले ढालिएका जीवनहरू र पवित्र-आत्माले... | ९५ |
| ९. | बुद्धिमानीसाथ बाँचिरहनु | १०८ |
| १०. | श्रीमान र श्रीमतीहरूः क्रूस दुवै सँगै | १२० |
| ११. | येशू ख्रीष्टलाई सर्वोच्च बफादारिता देखाएर जीवन... | १३३ |
| १२. | निष्ठामा उभिन आह्वान | १४६ |
| १३. | शान्तिको निम्ति प्रयास | १५८ |
| १४. | हृदयमा एफिसीका विश्वासीहरू | १७१ |

# अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन असोज १२, २०८० (September 29, 2023) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार ९-१५ (June 24-30) |
| २ | अध्याय २ | असार १६-२२ (July 1-7) |
| ३ | अध्याय ३ | असार २३-२९ (July 8-14) |
| ४ | अध्याय ४ | असार ३०-श्रावण ५ (July 15-21) |
| ५ | अध्याय ५ | श्रावण ६-१२ (July 22-28) |
| ६ | अध्याय ६ | श्रावण १३-१९ (July 29- August 4) |
| ७ | अध्याय ७ | श्रावण २०-२६ (August 5-11) |
| ८ | अध्याय ८ | श्रावण २७-भदौ १ (August 12-18) |
| ९ | अध्याय ९ | भदौ २-८ (August 19-25) |
| १० | अध्याय १० | भदौ ९-१५ (August 26- September 1) |
| ११ | अध्याय ११ | भदौ १६-२२ (September 2-8) |
| १२ | अध्याय १२ | भदौ २३-२९ (September 9-15) |
| १३ | अध्याय १३ | भदौ ३०-असोज ५ (September 16-22) |
| १४ | अध्याय १४ | असोज ६-१२ (September 23-29) |